# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहूँ
## गण्डकी प्रदेश, नेपाल

प.सं./Ref. No.:- ०७७/०७८
च.नं./Des. No.
फोन नं. ०६५-५७२४३६
मिति: २०७७/०७/२८

भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

"नेपालीहरुको महान चाड दिपावली एवं छठ पर्वको हार्दिक मंगलमय शुभकामना"

विश्वव्यापि महामारिको रुपमा फैलिरहेको कोरोना भाइरसको संक्रमण यस नगरपालिकामा समुदाय स्तरमा बढदै गएको यस विषम परिस्थितिमा नेपालीहरुको महान चाड दिपावली/ छठ पर्वको अवसरमा सुस्वास्थ्य, दिर्घायु एवं उत्तरोउत्तर प्रगतिको शुभकामना व्यक्त गर्दै कोरोना भाइरसको जोखिमबाट आफु पनि वच्दै अरुलाई पनि वचाई कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रण सहित चाडपर्वहरु मनाउने सन्दर्भमा यस नगर क्षेत्र भित्र देहाय वमोजिम गर्नु गराउनु हुन सम्पूर्ण नगरवासीहरुमा हार्दिक अपिल गर्दछौ ।

- चाडपर्वहरु मनाउदा सकभर जो जहा रहेका छौं सोहि ठाउमा रहि अनावश्यक जमघट तथा यात्रा नगरी आफ्नै परिवारका सदस्यहरु विच आ-आफ्नो घर घरमै वसि मनाउने,
- अनावश्यक भिडभाड हुने कुनै पनि प्रकारका मेला, जात्रा, महोत्सव, जमघट, चियापान तथा शुभकामना आदानप्रदान जस्ता कार्यक्रम नगर्ने/नगराउने,
- जुवा तास लगायतका कानुनले निषेधित गरेका कार्यहरु एवं देउसि भैलो जस्ता कार्यक्रमहरु नगर्ने/नगराउने,
- विष्फोटक पदार्थहरु खरिद विक्रि नगर्ने/नगराउने,
- मादक पदार्थ सेवन गरी हो-हल्ला नगर्ने/नगराउने,
- स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरि तोकिए वमोजिम मात्र भाडा लिई सिट क्षमता वमोजिम यात्रुहरुलाई सवारी साधनमा आवतजावत गर्ने व्यवस्था मिलाउने,
- अनावश्यक भिडभाड नगर्ने, सामाजिक भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा मास्क लगाउने, नियमित रुपमा सावुन पानिले मिचिमिचि हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने,
- उद्योग व्यपार लगायतका व्यवसायहरु गर्दा अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने र व्यापार व्यवसायहरु प्रत्येक दिन साँझ ८ वजे भित्र अनिवार्य वन्द हुने गरि संचालन गर्ने/गराउने,
- नियमित रुपमा हुने पुजापाठ वाहेक मठ, मन्दिरहरुमा भिडभाड नगर्ने/नगराउने,
- भिडभाड हुने किसिमका खेलकुद तथा साँस्कृत्तिक कार्यक्रमहरु नगर्ने/नगराउने,
- विदाको समयमा अनावश्यक घुमफिर नगर्ने/नगराउने,
- अत्यावश्यक काममा वाहेक घरवाट वाहिर ननिस्कने,
- कन्ट्र्याक ट्रेसिङमा परेका व्यक्तिहरु, भारत लगायत अन्य मुलुक एवं अत्याधिक संक्रमित क्षेत्रवाट यस नगरमा भित्रिने व्यक्तिहरु अनिवार्य रुपमा होम क्वारेन्टिमा वस्ने र पि.सि.आर परिक्षण गरेका व्यक्तिहरु परिक्षणको नतिजा नआए सम्म समुदायमा घुलमिल नहुने,
- सवैले तोकिएको जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्यरुपमा पालना गर्ने/गराउने,
- कोरोना भाइरसको संक्रमण रोकथाम एवं नियन्त्रणमा सवैले आ-आफ्नो तर्फवाट सहयोग एवं समन्वय गर्ने।

भिमाद नगरपालिका, तनहुँ ।

थमन सिंह थापा